असोज ७, २०६५

## प्रेश बक्तब्य

## स्वच्छ र सरल न्यायका लागि टी.आई. नेपालको अपिल

नेपालमा न्याय न्यायिक तरीकाले पाइदैंन, न्याय किन्नुपर्छ जसकालागि नेपाली जनताले बार र बेञ्च दुवैलाई मूल्य चुकाउनु पर्छ, महगो मूल्य, जो सम्पन्न र बलियोको पहुँचभित्र मात्र हुन्छ । 'न्यायको नौं सिङ', 'सानाको ऐन ठूलाको चैन' जस्ता लोकप्रिय आम नेपाली उखानले जनताको छटपटी र उनीहरुको आर्त पुकारलाई अभिब्यक्ति दिएकामात्र हुन् ।

नेपालमा न्यायलाई महँगो बनाउन र आमजनताको पहुँच बाहिर राखनमा न्यायलय र बार उत्तिकै जवाफदेही छन् । न्यायालयले ढीलासुस्ती गरेर जनतालाई दुःख दिन्छ भने बारले अनावश्यक महँगो शुल्क लिएर । बार र बेञ्च दुवैतर्फ पारदर्शिता र सुधारको खाँचो छ ।

बार र बेञ्चको वर्तमान विवादले नेपालको न्यायिक जगतको मर्यादा राष्ट्रिय एवं अन्तरराष्ट्रिय स्तरमै धराशायी भएको छ । यसले आफ्नो शाख पूर्णरुपमा गुमाएको छ ।

वास्तवमा, बार र बेञ्च एक सिक्काका दुइ पाटा हुन् । कुनै पनि सिक्काको एक पाटो शुद्ध र अर्को खोटो हुँनै सक्दैन । यदि खोटो हुन्छ भने पूरै सिक्का खोटो हुन्छ, एउटा पाटो मात्र हैन । जनता बार र बेञ्च दुवैबाट पीडित छन् न्याय पाउन नसकेर तड्पी राखेका छन् ।

त्यसकारण ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल वर्तमान विवादलाई एक पक्षको हार र अर्को पक्षको जीतमा परिणतनगरी आत्मसमीक्षाको अवसरका रुपमा दुवै पक्षले प्रयोगगरी आवश्यक सुधारगरी नेपाली जनतालाई सरल सुलभ न्याय दिन-दिलाउन अग्रसर होऊन् भन्ने आग्रह गर्दछ ।

..........................
दामोदर प्रसाद गौतम
अध्यक्ष

***ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा जारी***
***प्रेश बक्तब्यको सहायक सामाग्री***

## <u>गरिव राष्ट्रहरुमा भ्रष्टाचारले मानवीय सङ्कट उत्पन्न गरेको छ</u>

असोज ७, काठमाण्डौं : भ्रष्टाचार विरोधी अन्तराष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टि.आई.) द्वारा आज विश्वभर सार्वजनिक गरिएको भ्रष्टाचार अवधारणा सुचकाङ्क २००८ (Corruption Perception Index (CPI) 2008) ले गत बर्ष (२०६४/०६५) नेपालमा नगन्य मात्रामा भ्रष्टचार घटेको अवधारणा उजागर गरेको छ। सन् २००५, २००६ र २००७ को उक्त सुचकांङ्कमा कुल '१०' मध्ये '२.५' अंङ्क पाएको नेपालले सन् २००८ मा '२.७' अंक पाउन सफल भएको छ । सुचकांङ्कमा नेपालको स्थितीमा केही प्रगति भएको देखिएतापनि '३.०' अंक भन्दा कम अंङ्क पाउने मुलुकहरुमा भ्रष्टाचार व्याप्त रहेको टी.आई. द्वारा जनाउने गरिएको छ।

नेपाल सम्बन्धी उक्त तथ्य ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा सन् २००७ र २००८ मा गरिएका ६ अन्तरराष्ट्रिय सर्भेक्षणहरुमा आधारित छ । एशियाली बिकाश बैंक, वर्ल्सटसम्यान फाउन्डेसन, मर्चेन्ट ग्रुप, ग्लोवल इनसाइट र डब्लु.इ.एफ. द्वारा आफ्ना कर्मचारी, विज्ञ, स्थानीय संवाददाता र व्यापारीहरुबीच शुशासन र भ्रष्टाचार सम्बन्धी गरिएका सर्वेक्षणहरुका आधारमा ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा सो सूचकाङ्कमा नेपालको स्कोर '२.७' तय गरिएको हो । ती संस्थाहरुद्वारा सर्वेक्षणमा नेपालको सार्वजनीक क्षेत्रमा भ्रष्टाचार, भ्रष्टाचारको मात्रा, भ्रष्टाचार विरोधी कारवाही र उपलब्धी, स्वार्थको द्वन्द, सरकारी कारवाही र नियन्त्रणकारी क्षमता, प्रशासनिक भ्रष्टाचार, राजनैतिक भ्रष्टाचार, आयात/निर्यातमा घुसखोरी, कर, ठेक्का, सेवामा अनियमितता र भ्रष्टाचारवारे अध्ययन गरिएको थियो।

"गतवर्ष राजनैतिक संक्रमणकालमा प्रमुख राजनीतिक दलहरुवीच अन्य एजेन्डाको तुलनामा भ्रष्टाचार नियन्त्रणले आवश्यक महत्व नपाउनाले भ्रष्टाचार नियन्त्रणमा केही सुधार देखिएपनि अपेक्षित प्रगति हुन सकेन" टी.आई.नेपालका अध्यक्ष दामोदर प्रसाद गौतम भन्नुहुन्छ।

१८० देशहरुमा संलग्न गरिएको सो सुचकांङ्कमा '१०' अंकले न्युन भ्रष्टाचार र '०' अंकले अधिकतम भ्रष्टाचार जनाउँदछ। यो वर्षको सूचिमा डेनमार्क, न्युजिल्याण्ड र स्वीडेन ९.३ अंक प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकको श्रेणीमा रहेका छन्। एशियाली राष्ट्र सिङ्गापुर '९.२' अंङ्क प्राप्त गरी सूचीमा दोश्रो रहन सफल भएको छ। अफ्रिकी मुलुक सोमालियाले अंक '१.०' ल्याई सबैभन्दा वढी भ्रष्टाचार हुने मुलुकको रुपमा सुचित भएको छ।

दक्षिण एशियाली राष्ट्रहरुमध्य सबभन्दा स्वच्छ भुटानले ५.२, भारतले ३.४, श्रीलंकाले ३.२, नेपालले २.७, पाकिस्तानले २.५, बंगलादेशले २.१ र अफगानिस्तानले १.५ अंक पाएका छन्। दक्षिण एशियामा विगतमा झै यस बर्ष पनि सार्वजनिक क्षेत्रमा नेपाल भन्दा वढी भ्रष्टाचार हुने देशमा पाकिस्तान, बंगलादेश र अफगानिस्थान रहेका छन्।

'गरिव राष्ट्रहरुमा जीवन र मरण बीचको फरक भ्रष्टाचारले तय गर्दछ। जव अस्पताल र पिउने पानी जस्ता आधारभूत सेवाहरु पाउनका लागि पैसाको लेनदेन हुन्छ तव मानवीय संकट पैदा हुन्छ' ट्रान्सपरेन्सी इन्टरनेसनलका अध्यक्ष युगेट लवेला भन्नुहुन्छ' गरिव राष्ट्रहरुमा विगतका भ्रष्टाचारका कारण पानी र सफाई सम्बन्धी सहश्राब्दि विकाश लक्ष्यहरु प्राप्त गर्न थप ५० अरव डलर खर्च गर्नुपर्ने देखिएकाले दातृ निकायहरुले शुशासन र अनुगमनकारी संस्थाहरु शशक्त वनाउने र आफ्ना सहयोग दुरुपयोग हुनबाट रोक्नेतर्फ सचेत हुनु अति नै जरुरी छ।

प्रेस विज्ञप्तीमा सूचकाङ्कमा देखिएको नेपालको नाजुक स्थितिले भ्रष्टाचार नियन्त्रण यथाशीघ्र राष्ट्रीय राजनीतिक मुद्दा बन्नुपर्नेतर्फ ट्रान्सपरेन्सीले ध्यानआकर्षण गराएको छ। 'भ्रष्टाचार नियन्त्रणको लागि राजनैतिक इच्छा, स्वच्छ न्याय, दण्डहिनता नियन्त्रण, ऐन/कानुनमा सुधार र महासन्धी अनुमोदन जस्ता विषयवस्तुमा सरकार र संविधानसभाको यथाशीघ्र ध्यान जानु पर्दछ' अध्यक्ष गौतम भन्नुहुन्छ।

नवनियुक्त प्रधानमन्त्री र अर्थमन्त्रीलाई हालैमात्र ट्रान्सपरेन्सीद्वारा भ्रष्टाचार नियन्त्रण सम्बन्धी विविध सुझावहरु प्रस्तुत गरिएकोवारे वक्तव्यमा उल्लेख गरिएको छ। सरकार गम्भीर भए आगामी वर्ष नेपालमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यमा प्रगति भएको अनूभुति गर्न सकिने विश्वाश टी.आई. नेपालले गरेको छ।

आशिष थापा
कार्यकारी निर्देशक

मितिः २०६५ भाद्र २५

श्री प्रमुखज्यू

**<u>विषय : बार्षिक प्रतिवेदनहरु जानकारी र प्रचार-प्रसारका लागि ।</u>**

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको यही २०६५ भदौ २० गते सम्पन्न १३ औं बर्षिक साधारण सभाद्वारा स्वीकृत गरिएको cf=j= @)^$÷)^% sf] aflif{s k|ult k|ltj]bg / n]vfk/LlIft cfo-Aoo ljj/0fx? / ltgsf ;+lIfKt l6kf]6x? kq ;fy ;+nUg u/L k7fO{Psf] 5 .

;fy}, pQm k|ltj]bgx? ;+:yfsf] Web Site df ;d]t pknAw /x]sf] hfgsf/L u/fpFb5f}+ .

...........................

बविता शर्मा

बरिष्ठ लेखा सहायक

## ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको तेह्रौं बार्षिक साधारण सभा सम्पन्न

भाद्र २०, काठमाण्डौं : ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको तेह्रौं वार्षिक साधारण सभा अध्यक्ष दामोदरप्रसाद गौतमको सभापतित्वमा २०६५ भदौ २० गते (तदनुसार सेप्टेम्बर ५, २००८) शुक्रबार काठमाडौँको लाजिम्पाटस्थित होटल शङ्करमा विधिवत् समापन भयो ।

### साधारणसभाको कार्यसूची यस प्रकार रहेको थियो :

१. बाह्रौं साधारणसभाको माइन्युट स्वीकृति;

२. महासचिवको आर्थिक वर्ष २०६४/०६५ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुति, छलफल र स्वीकृति;

३. कोषाध्यक्षको आर्थिक वर्ष २०६४/०६५ को लेखापरीक्षित प्रतिवेदन प्रस्तुति, छलफल र स्वीकृति;

४. आ.व. २०६५/०६६ को आयब्ययको लेखापरीक्षणगर्न लेखापरीक्षकको नियुक्ति;

५. रिक्त ६ स्थानमा अध्यक्ष र कार्यसमितिका सदस्यहरुको चुनाव;

६. विविध;

७. समापन मन्तब्य ।

### १३ औं वार्षिक साधारण सभाले गरेका निर्णयहरु निम्नलिखित छन् :

१. निर्धारित कार्यसूची अनुसार साधारणसभाको माइन्युटमा सदस्यहरुबाट ब्यक्त धारणा र सुझावहरु विस्तृत रुपमा समेटी तयार गर्नेगरी बाह्रौं साधारणसभाको माइन्युट सर्वसम्मतिले स्वीकृत गर्ने ।

२. महासचिव कृष्णप्रसाद भण्डारीद्वारा प्रस्तुत आर्थिक वर्ष ०६४/६५ को वार्षिक प्रगति प्रतिवेदन केही परिमार्जनसहित सर्वसम्मतिले पारित गर्ने ।

३. कोषाध्यक्ष आनन्दराज मुल्मीद्वारा प्रस्तुत आर्थिक वर्ष ०६४/६५ को आयव्यय समेर्टिको लेखापरीक्षित प्रतिवेदन कोषाध्यक्षको आर्थिक विवरण सहित सर्वसम्मतिले पारित गर्ने ।

४. आ.व. २०६५/०६६ को लागि 'बाँस्कोटा एण्ड कम्पनी' लाई नै संस्थाको लेखापरीक्षक नियुक्त गर्ने ।

५. अध्यक्ष पदमा श्री दामोदरप्रसाद गौतमलाई १० मत सहित निर्वाचीत गर्ने । कार्यसमितिका सदस्यहरुमा क्रमश: श्री कोमलबहादुर चित्रकार, श्री श्रीहरी अर्याल, श्री कृष्णप्रसाद भण्डारी, श्री प्रयाग दत्त तेवारी र संस्थागत सदस्य नेपाल उद्योग बाणिज्य महासंघ प्रतिनिधी, श्री आनन्दराज मुल्मीलाई निर्विरोध निर्वाचित गर्ने ।

आशिष थापा
कार्यकारी निर्देशक

मितिः २०६५/५/१३

श्री प्रमुखज्यू
प्रचार प्रसारको लागि

**प्रेस बिज्ञप्ती**

# भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा अगााडी बढ्न सरकारलाई टी.आई. नेपालको अनुरोध ।

आज, मिति २०६५ भाद्र १३ गते ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष श्री दामोदर प्रसाद गौतमको नेतृत्वमा संस्थाको एक प्रतिनिधी मण्डलले प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) सँग भेट गर्‍यो । सो भेटमा संस्थाको तर्फबाट अध्यक्ष गौतमले प्रधानमन्त्री दाहाललाई संबिधान सभा पछिको पहिलो सरकारको नेतृत्व गर्नुभएकोमा बधाई ज्ञापन गर्दै सरकारले हालै सार्बजनिक गरेको निति तथा कार्यक्रम र आचार संहिता सकारात्मक रहेको धारणा प्रस्तुत गर्नुभयो ।

भेटमा टी.आई. नेपालद्वरा नयाँ सरकारलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा तत्कालै भ्रष्टाचार नियन्त्रणको प्रत्यक्ष अनुभुति दिलाउन दैनिक सम्पर्कमा आउने सरकारी/अर्ध सरकारी कार्यालयहरुमा भ्रष्टाचार नियन्त्रण गर्न र संयुक्त राष्ट्रसंघिय भ्रष्टाचार विरुद्धको महासन्धि यथासिघ्र अनुमोदन गर्न अनुरोध गरियो । अध्यक्ष गौतमद्वारा आगामी दिनहरुमा सरकारबाट हुने भ्रष्टाचार नियन्त्रणका कार्यहरुमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सहकार्य र सहयोग गर्न तयार रहेको कुरा पनि प्रधानमन्त्रीलाई अवगत गराईयो ।

प्रतिनिधि मण्डल सदस्य तथा टी.आई. बर्लीन बोर्ड प्रतिनिधी डा. देवेन्द्रराज पाण्डेले टी.आई. नेपालद्वारा शुरुदेखिनै नेपालमा सरकारी सम्पत्तीको दुरुपयोग रोक्न र आचार-संहिता सबै क्षेत्रमा लागू हुने बाताबरण तयार गरी त्यसको सुरुवात मन्त्री परिषद बाटनै गरिनु पर्ने कुरामा जोड दिइएको कुरा प्रधानमन्त्री समक्ष प्रस्तुत गर्नु भयो ।

भेटघाटमा टी.आई. नेपालद्वारा बिभिन्न समयमा नेपालका प्रधानमन्त्रीहरु समक्ष भ्रष्टाचार नियन्त्रण कार्य प्रभावकारी बनाउन पेश गरिएका सुझावहरु प्रधानमन्त्री दाहाल समक्ष पुनः प्रस्तुत गर्दै अध्यक्ष गौतमले ती सुझावहरुको कार्यान्वयन लागि समेत प्रधानमन्त्रीको पहल कदमी को लागि अनुरोध गर्नु भयो ।

सो भेटमा प्रधानमन्त्री पुष्प कमल दाहाल (प्रचण्ड) ले टी.आई. नेपालद्वारा प्रस्तुत भ्रष्टाचार नियन्त्रण सम्बन्धी सुझावहरुका लागि धन्यवाद ज्ञापन गर्दै ती सुझावहरु सरकारद्वारा शशक्त ढंगले अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिनिधी मण्डलमा संस्था अध्यक्ष दामोदर प्रसाद गौतम, डा. देवेन्द्रराज पाण्डे सदस्य, उपाध्यक्ष स्नेह सायमी, महासचिव कृष्ण प्रसाद भण्डारी, कोषाध्यक्ष आनन्द राज मुल्मी, कार्यसमिति सदस्य रमेश नाथ ढुंगेल, डा. मीना आचार्य, सर्वज्ञ रत्न तुलाधर, डा. गणेश मान गुरुङ्ग, सदस्य डा. नारायण मानन्धर, कार्यकारी निर्देशक आशिष थापा र अन्य कर्मचारीहरु समेत संलग्न रहेका थिए ।

आशिष थापा
कार्यकारी निर्देशक

श्री प्रमुखज्यू
प्रचार प्रसारको लागि

# प्रेस बिज्ञप्ती

## बजेट पारदर्शी र जवाफदेही बनोस् : ट्रान्सपरेन्सीद्वारा अर्थमन्त्रीलाई १७ वुदे सुझाव ।

काठमाण्डौं, २८ भदौ २०६५: ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालद्वारा अर्थमन्त्री डा. बाबुराम भट्टराईलाई वजेट पारदर्शी र जवाफदेही वनोस् भनी १६ वुदे सुझाव पेश गरिएको संस्थाद्वारा जारी प्रेश वक्तव्य मार्फत सार्वजनिक गरिएको छ । नेपाली जनतालाई नयाँ युगमा प्रवेश गराउने जिम्मेवारी ने.क.पा. (माओवादी) को नेतृत्वदाई सरकार माथि आएकाले यसको शुरुवात स्वरुप भ्रष्टाचार नियन्त्रण गर्ने राजनीतिक प्रतिबद्धता कार्यान्वयन गराउन ट्रान्सपरेन्सीले अपिल पनि गरेको छ ।

आ.ब. २०६५/०६६ को बार्षिक बजेट वक्तब्य मार्फत भ्रष्टाचार नियन्त्रणको सन्देश राष्ट्रीय र अंतरराष्ट्रीय स्तरमा सार्वजनीक गराउन भ्रष्टाचार विरोधी राष्ट्रीय नीति तर्जुमा गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि गठन भएका निकायहरुलाई प्रभावकारी र देशब्यापी वनाउने तथा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अनुमोदन गर्ने प्रतिवद्धता अभिब्यक्त हुनु पर्ने ठहर ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले गरेको छ ।

वजेट निर्माण, छलफल, कार्यान्वयन र मुल्याङ्कन प्रकृयामा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको अर्थमन्त्रीलाई निम्न लिखित सुझावहरु रहेका छन्:

१) प्रधानमन्त्री राहत कोष, दैवी प्रकोप उद्धार पीडित कोष र विभिन्न मन्त्रालयहरूद्वारा निश्चित मापदण्ड वेगर आर्थिक सहायता, चन्दा, पुरस्कार वितरण गर्ने हालको प्रणाली उपर पुनरावलोकन गरी यस प्रकारका रकम वितरण गर्ने प्रयोजनका लागि कानूनद्वारा एउटा छुट्टै केन्द्रीय कोष खडा गर्ने । सो कोषबाट खर्च गर्ने मापदण्ड पनि कानूनद्वारा नै तोकी आवधिक रुपमा सो कोषको आय ब्यय सार्वजनिक गर्ने ।

२) विनियोजित रकम असीमित परिमाणमा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने व्यवस्था अन्त गर्ने र कूल बजेटको एउटा निश्चित प्रतिशत भन्दा वढी रकम भैपरि आउने शीर्षकमा विनियोजन गर्न नपाउने नीति अख्तियार गर्ने ।

३) जुनसुकै क्षेत्र, कार्य र प्रयोजनका लागि राजश्व निर्धारण र छुट दिन सक्ने वर्तमान तजविजी व्यवस्था उपर पुनरावलोकन गरी राजश्व छुट दिन सक्ने आधार र क्षेत्र किटान गर्ने र त्यस्ता क्षेत्रलाई छुट दिन सकिने रकम (प्रतिशत) को सीमा पनि तोक्ने ।

४) सरकारी कोषबाट एकै ब्यक्तिलाई दोहोरो पर्ने गरी तलव र निवृत्तिभरण भुक्तानी हुने विद्यमान ब्यवस्था खारेज गर्ने ।

५) सरकारी स्तरबाट हुने निश्चित रकम भन्दा माथीको खरिद/बिक्रीलाई वढी स्वच्छ र पारदर्शी बनाउन एक अधिकार सम्पन्न केन्द्रीय अनुगमन संयन्त्र निर्माण गर्ने ।

६) सार्वजनिक खरिद/विक्रीको बोलपत्र सम्वन्धी कागजात सजिलै उपलब्ध हुने वैकल्पिक ब्यवस्था सुनिश्चित गर्न केन्द्रीय/क्षेत्रीय कार्यालयहरू तोक्ने र सरकारी वेवसाइट बाट पनि उपलब्ध गराउने ब्यवस्था गर्ने ।

७) सबै प्रकारका वैदेशिक सहायता नेपाली जनता समक्ष पारदर्शी र उत्तरदाई वनाउन बजेटमा प्रतिविम्वित गर्ने र वैदेशीक सहायताको लेखापरीक्षण महालेखा परीक्षकवाट गराउने ब्यवस्था अनिवार्य गर्ने ।

८) दातृ समुदायवाट गैरसरकारी संस्थाहरूलाई प्राप्त हुने सहयोग ब्यवस्थित र पारदर्शी बनाउन त्यस्ता सहयोग ग्रहण गर्नु अघि नेपाल सरकारलाई जानकारी दिनु पर्ने ब्यवस्था पूर्ण कार्यान्वयन गर्ने र, सहयोगको प्रयोगमा स्वच्छता र जवाफदेहिता ल्याउन आवश्यक कानुनी ब्यवस्था गर्ने ।

९) सार्वजनिक संस्थानहरूको लेखापरीक्षण अद्यावधिक गर्ने । लेखापरीक्षणबाट देखिएको बक्यौता नतिर्ने जिम्मेवार पदाधिकारीहरू र वार्षिक लेखापरीक्षण अद्यावधिक नगराउने पदाधिकारीहरू उपर कडा कारवाही हुने ब्यवस्था गर्ने ।

१०) सरकार आफैले सम्पादन गर्न सक्ने कार्यहरूमा परामर्शदाता नियुक्त नगर्ने । परामर्शदाता नियुक्ति गर्ने सम्बन्धी एक निश्चित मापदण्ड बनाई लागु गर्ने । निजामति कर्मचारी परामर्शदाता भई काम गर्न नपाउने ब्यवस्था गर्ने । अति आवश्यक परेमा नेपाली परामर्शदातालाई नियुक्त गर्ने ।

११) ओभरस्टाफिङ रोकी मंत्रालयहरुको आकार सकभर सानो बनाउन, नीति-निर्माण र अन्यकार्यमा मंत्रालय भित्रका कर्मचारीहरुको विशेषज्ञताले नभ्याएमा बाहिरबाट अल्पकालीन परामर्शदाताहरुको (Short-term Consultants) सेवा लिन सकिने व्यवस्था गर्ने । मन्त्रीहरुले सल्लाहकार नियुक्त गर्ने परम्पराको अन्त्य गरौं । सरकारी कर्मचारीहरुबाट राय लिने ।

१२) सार्वजनिक श्रोत, साधन तथा सरकारी कोषलाई जनताको नासो ठानी यसवाट गरिने खर्च, सकभर किफायत साथ तथा देशलाई अधिकाधिक प्रतिफल प्राप्त हुने गरी औचित्यपूर्ण र पारदर्शी ढंगबाट गर्ने । अनावश्यक सुविधामुखी भत्ताहरु कटौती गर्ने र सरकारी साधन, श्रोत, भ्रमण तथा भोज-भत्तेरमा नियन्त्रण गर्ने ।

१३) सवारी समेत सरकारी साधन र श्रोतलाई कानुनले उपभोग गर्न पाउने व्यक्ति, संख्या र अवस्थामा वाहेक निजि रुपमा प्रयोग गर्ने गराउने प्रथा नियन्त्रण गरी र आफ्ना मातहतका अरु कसैलाई त्यसो गर्न नदिने । व्यक्ति विशेषले चढ्ने सवारी साधन भन्दा समूह आवत जावत गर्ने व्यवस्था गर्ने ।

१४) स्वविवेकले खर्च गर्न पाउने तजवीजी फन्डबाट खर्च गर्दा एक निश्चित नीति वा नियम बनाई सो अनुसार औचित्यपूर्ण ढंगले मात्र गर्ने व्यवस्था गर्ने ।

१५) सरकार, मन्त्रालय वा कार्यालयहरुमा संलग्न र त्यहाँबाट लाभ पाइरहेका वा पाउने संभावना भएका वा पाउने अपेक्षा गरिरहेकाहरुवाट कुनै प्रकारको पनि उपहार- नगद वा जिन्सी- ग्रहण नगर्ने र कुनै होटेल, रेष्टुराँ वा हवाई टिकट इत्यादि सुविधा पनि स्वीकार गर्न नपाइने व्यवस्था गर्ने ।

१६) वजेटको Income Vs Expenditure tracking गर्न गैर सरकारी संस्थाको भूमिकालाई वढावा दिने ।

प्रेस वक्तब्यमा अनावश्यक भत्ता र सुविधा कटौती गर्ने सम्बन्धमा अर्थमन्त्रीद्वारा हालै गरिएको पहलको ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले सह्राना गरेको छ ।

भवदीय,

.........................

आशिष थापा
कार्यकारी निर्देशक

# प्रेस वक्तब्य

## 'कोशी पीडित राहत संकलन र बितरण कार्यमा पारदर्शिता आवश्यक'

**काठमाण्डौं, भाद्र १९:** ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल २०६५ भाद्र २ गते सप्तकोशी नदीको तटबन्ध भत्की सुनसरी र सप्तरीका करिव एक दर्जन गा.बि.स. डुबानमा परी पचासौं हजार नेपाली जनताको उठीबास भएको दारुण घटना प्रति गहिरो दु:ख प्रकट गर्दछ । यस अप्रत्यासित बिपत्तिबाट अपूरणीय धनजनको क्षति व्यहोर्न विवश दाजुभाई दिदीबहिनीमा हार्दिक सहानुभुति जाहेर गर्दछ ।

धेरै बर्ष पहिले निर्मित कोशी व्यारेजका तटबन्धहरु समयमा आवश्यक गुणस्तरिय मर्मत सुधार नहुँदा नदीको कटानमा पर्दै जिर्ण हुदै गएका थिए । तर दुरभाग्यबस त्यस तर्फ सम्बन्धित पक्षहरुको समयमै उचित ध्यान जान सकेन । यस बर्षको भदौ महिनाको बर्षाले बढी कटान गर्दा तटबन्ध भत्कन गई यो दु:खदायी दुर्घटना भयो र नदी नजिक बसोबास गर्ने नेपाली र भारतीय नागरिकहरु जिम्मेवार पक्षहरुको गम्भिर हेलचेक्रयाईको सिकार बन्न पुगे । यस हेलचेक्रयाईको एक उच्च स्तरीय आयोगबाट सत्यतथ्य निरुपणगरी पारदर्शी प्रतिबेदन यथाशीघ्र सार्बजनिक गरियोस भन्ने ट्रान्परेन्सी इन्टरनेशनल नेपाल जोडदार माग गर्दछ ।

यस घटनाबाट पीडित सबैको राहतकोलागि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल राट्रिय र अन्तराष्ट्रिय स्तरबाट अत्यावश्यक सहयोग होस भनी यस प्रेस बक्तब्य मार्फत सार्बजनिक अपिल गर्न चाहन्छ । अचानक घट्न गएको यस दु:खदायी घटनाबाट पीडित सबैलाई सक्दो सहयोग गर्नु सम्पूर्ण नेपाली र नेपालका मित्रहरुको धर्म हो भन्ने कुरामा हामी बिश्वास गर्दछौं । घटना घटेको आज २ हप्ता बितिसकेको अवस्थामा पीडितलाई सहयोगको आवश्यकता अझ बढदै गएको हामीलाई अनुभव भएको छ । यस परिपेक्षमा सरकार,दल,नागरिक,संघ-संस्था,मिडिया र दातृ निकायको सहयोग पिडितहरुका लागि ठूलो राहत हुन जाने कुरामा कुनै द्बिबिधा छैन । तर यस राष्ट्रिय दुर्घटना/क्षतिबाट पीडित सबैलाई उचित राहत दिलाउने काम चुनौतिपूर्ण छ र यस कार्यको सफलता मुख्यत: सरकारको उच्च राजनैतिक प्रतिबद्धतामा निर्भर रहन्छ । राहतको कार्य तिब्र रुपमा अघि बढ्नु पर्दछ र यस्ता कार्यहरु अझ व्यवस्थित र सही रुपमा संचालन हुनु जरुरी छ भन्ने हाम्रो भनाई छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल डुबानबाट पीडित सम्पूर्ण परिवार र व्यक्तीहरु राहतको पहुचबाट नछुटुन भन्ने कामना गर्दछ । साथै, राहत संकलन र बितरणको कार्य पूर्ण पारदर्शी र उत्तरदायीपूर्ण नभए पीडितको नाममा राहतको दुरुपयोग हुन सक्ने तर्फ सबैको समयमै ध्यानाआकर्षण गराउन पनि चाहन्छ । बिभिन्न देशहरुमा यस प्रकारका दुर्घटनाहरु पछि शुरु भएका राहत संकलन र बितरण कार्यमा भ्रष्टाचारको हुने गरेको सन्दर्भमा नेपालमा सो बारे समयमै सचेत हुन निम्न बिषयबस्तुमा सबैको ध्यानाआकर्षण होस भनी अनुरोध गर्दछ :

क. डुबानबाट पीडित जनताकालागि सरकारबाट बहुपक्षीय संलग्नतामा राष्ट्रिय स्तरकै राहत र पुन: निर्माण योजना बनाई शुरु गरिनु पर्दछ । सरकारका बिभिन्न निकाय र संघ-संस्थाबाट हुने राहत कार्यहरु र राहतका लागि राष्ट्रिय/अन्तराष्ट्रिय श्रोत परिचालन यस योजनाको प्रमुख पक्ष रहनु पर्दछ ।

ख. राहत कार्यमा सहयोग पुऱ्याउन इच्छुक बिभिन्न दल,व्यक्ति, संघ/संस्था, र समुदायलाई बिना कुनै रोकटोक राहत कार्यमा समाहित हुन सक्ने व्यवस्था सरकारले गर्नु पर्दछ ।. बिशेषत: गैरसरकारी संस्था र मिडियाको सतर्कता र संलग्नतानै राहतकार्यलाई भ्रष्टाचार मूक्त राखन सक्ने भएकाले सम्बन्धित सबैको सक्रिय सहभागिताकालागि पनि हार्दिक अपिल गर्दछ ।

ग. राहतकालागि सरकार, संघ/संस्थाद्वारा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्राप्त गरिने आर्थिक तथा अन्य प्रकारका सहयोग बिना कुनै पुर्वाग्रह पीडित पक्षसम्म पुऱ्याउने कार्यमा सरकारद्वारा सहजकर्ताको भूमिका निर्बाह गरिनु पर्दछ । पीडितका लागि प्राप्त राहत रकम अन्य कुनै सरकारी वा संस्थागत प्रयोजनमा खर्च गरिनु हुदैन । राहतप्राप्त रकम तलब तथा प्रशाशनिक खर्चकालागि न्युनतम प्रयोग हुनुपर्छ ।

घ. बिभिन्न व्यक्ति संघ संस्थाबाट राहत संकलन, परिचालन र प्रयोग भई रहेको सन्दर्भमा यो कार्य अझ उत्तरदायी र व्यवस्थित बनाउन सरकारद्वारा राहत संकलन र बितरण सम्बन्धी एक आचार संहिता बनाई सो लागू र अनुगमन गर्ने एक बहुपक्षीय संयन्त्र निर्माण गरिनु पर्दछ । राहत संकलन गर्ने संस्थाहरुले आम्दानी र खर्चको बिबरण मिडिया मार्फत सार्बजनिक गर्ने व्यवस्था आचार संहितामा रहनु पर्दछ ।

ङ. सरकार र स्थानीय निकायहरुबाट राहत र पुननिर्माण संग सम्बन्धित बिभिन्न प्रकारका खरिद/बिक्रीको कार्यहरु रित पूर्बक प्रचलित 'सार्बजनिक खरिद ऐन र सो को नियमावली' अन्तरगत रही गरिनु पर्दछ र सो को सूचना सरोकार वाला समक्ष पुऱ्याइनु पर्छ ।

च. बिदेशी दातृ निकायहरुबाट प्रदान गरिने राहत सहयोग नेपाल सरकार वा नेपाली संघ/संस्थाको संयोजनमा एकै ठाउँबाट सम्पन्न गरिए कुनै ठाउमा बिभिन्न श्रोतबाट राहत पुग्ने र कही पुगदैनपुगने संभावना रहदैन र सबैमा न्याय हुन जानेछ ।

प्रकोप पीडित क्षेत्रमा राहत कार्य सम्पन्न भए पछि सरकारद्वारा पुनः निर्माणको कार्य युद्धस्तरमा शुरु गरिनेछ भन्ने बिश्वास यस संस्थाले लिएको छ । कोशी ब्यारेज र तटबन्धहरुमा आवश्यक मर्मत सुधार सहित पुनःनिर्माण कार्य शुरु हुन जरुरी छ । राहत स्वरुप प्रकोप पीडित क्षेत्रमा सरकारद्वारा स्वास्थ्य,आवास,सडक,शिक्षा र अन्य पुर्बाधार निर्माणलाई पनि प्राथमिकता दिइनु पर्दछ ।

अन्तमा, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल कोशी नदीको डुबानमा परि पीडित बन्न पुगेका सबै परिवार तथा व्यक्ती, संघ संस्थाको न्यायोचित राहतको जिम्मेबारी मुख्यतः राज्य र त्यस पछी नागरिकहरुको हो भन्ने कुरामा जोड दिन चाहन्छ ।

धन्यवाद !

भवदीय,

.......................

कृष्ण प्रसाद भण्डारी

महासचिव

*वि.सं २०६५ असार ११ काठमाडौं*

*ग्लोबल करप्सन रिपोर्ट २००८ संबन्धमा प्रकाश पार्न ट्रान्सपरेन्सी इण्टरनेसनल नेपालले तयार पारेको संक्षिप्त विवरण*

# पानीमा हुन्छ भ्रष्टाचार : विकासमा पर्छ प्रहार

" पानीमाथि हुने भ्रष्टाचार नै अहिले विश्वमा देखापरेको पानी संकटको मूल कारण हो, यसले अरबौंको जीवनलाई सिकिस्त पारेको छ, वातावरणलाई तहसनहस गरिदिएको छ ।"

यही सन्देश लिएर ग्लोबल करप्सन रिपोर्ट २००८: करप्सन इन द वाटर सेक्टर (विश्व भ्रष्टाचार प्रतिवेदन २०६५ : पानीमाथि भ्रष्टाचार) विश्वसामु आएको छ । अन्तरराष्ट्रिय स्तरमा भ्रष्टाचारविरुद्ध संघर्षरत नागरिक समाज संगठन ट्रान्सपरेन्सी इण्टरनेसनलको वार्षिक शोध पुस्तकको रुपमा आएको सो प्रकाशन आज मूलतः बर्लिन, जर्मनी र न्यू योर्क, संयुक्त राज्य अमेरिकामा एकैसाथ सार्वजनिक गरिएको छ । त्यसै समयमा विभिन्न देशमा रहेका टी आई संस्थाले पनि यसमाका विवरण प्रसारण गरेका छन् ।

काठमाडौंमा आजै टी आई नेपालले दिएको विज्ञप्तिअनुरुप प्रतिवेदन समर्पणका अवशरमा ट्रान्सपरेन्सी इण्टरनेसनलका अध्यक्ष हुगेट लाबेलले भन्नुभयो -" विश्वमा केहीले पनि प्रतिस्थापन गर्न नसकिने संसाधनमा पानी पर्छ । यसको महत्व मानव स्वास्थ्यकालागि मात्र होइन, खाद्य सुरक्षा, उर्जाको भविष्य, र पृथ्वीको पर्यावरणकालागि अति नै महत्वपूर्ण मानिन्छ । पानी व्यवस्थापन र प्रयोगसंगसंबद्ध यी सबै क्षेत्रलाई भ्रष्टाचारले दूषित तुल्याइदिन्छ ।"

ट्रान्सपरेन्सी इण्टरनेसनल प्रतिवेदन तयार पार्दा र संबद्ध शोध कार्य गर्दा इण्टरनेसनल वाटर आयण्ड स्यानिटेसन सेण्टर, द स्टकहोम इण्टरनेसनल वाटर इन्स्टिच्यूट, द स्वडिस वाटर हाउस आयण्ड द वाटर आयण्ड स्यानिटेसन प्रोग्राम - अफ्रिकाको तत्वाबधानमा सन् २००६मा स्थापित वाटर इण्टेग्रिटी नेटवर्क (डब्लू आई एन)बाट लाभान्वित भएको थियो । व्यक्ति र संस्थाको सो नेटवर्क अहिले पानीमाथिको अनेक आयामीय भ्रष्टाचारविरुद्ध प्रयत्नरत छ ।

पानीका अनेक पक्ष - जल संसाधनका अनेक क्षेत्र - मा हुने भ्रष्टाचार विषयलाई केलाएर असर र फैलावट पहिल्याउने प्रयास सो प्रकाशनले गरेको छ । यसले संबद्ध भ्रष्टाचार समस्याको श्रृंखलालाई नै पहिचान गरेको छ - पानी पाउन र पिउन दिनु पर्ने घुसदेखि सिंचाई तथा जलशक्ति कोषबाट हुने क्रयविक्रयसंबद्ध कारोबारसम्म भ्रष्टाचार व्याप्त छ, औद्योगिक प्रदूषण नियन्त्रण गर्ने कार्यदेखि पानी व्यवस्थापन - वितरण नीतिको तोडमोडसम्म अनियमितता हुने गर्छ ।

अध्यक्ष लाबेलको विचारमा पानीमाथिको भ्रष्टाचारको असर मूलतः आधारभूत शासनीय समस्या हो, तर पनि यसलाई सन्तोषप्रद रुपमा संबोधन गर्ने प्रवृत्ति देखिन्न, वातावरणीय दिगोपन, विकास, खाद्य उर्जा सुरक्षाका फाँटमा विश्वकालागि लिइने नीति र कार्यक्रममा त्यसको आवश्यकता महसुस भएको पाइन्न । "यसमा परिवर्तन हुनु अनिवार्य छ," उहाँको सशक्त आग्रह छ ।

पानी संकट यथार्थ हो, यसमा देखिएको भ्रष्टाचारको चुनौतीले तत्काल समाधान खोजिरहेको छ । विश्वमा

एक अरबभन्दा बढी जनताको पानीमा पहुँच छैन, दुई अरबभन्दा बढी उपयुक्त सफासुघरको स्थितिभन्दा बाहिर छन् । यिनको विध्वशात्मक असर विकास र गरीवी निवारणमा प्रत्यक्ष देख्न सकिन्छ ।

प्रतिवेदनले स्पष्ट पारेको छ -

- भ्रष्टाचारले मौसम परिवतर्न र खाद्य कमीका समस्या समाधान गर्न विश्वमा चालिने कदमलाई बरालेको छ
- खानेपानी र सफासुघरको स्थितिलाई प्रदूषित पारी भ्रष्टाचारले सबभन्दा बढी गरीबलाई पीडित तुल्याएको छ
- वातावरण र उर्जा सुरक्षा जस्ता गहन क्षेत्र भ्रष्टाचारका कारण जेलिएर जोखिममा पर्न गएको छन्

पानीमाथिको भ्रष्टाचारको कठोर प्रभाव तिनमा छ जोसंग योसंग जुध्ने शक्ति छैन, तिनमा छ जसको आवाज छैन । महिला, र गरीबलाई त यसले थला पारेको छ, कहिल्यै बोल्न नसक्ने भविष्य र वातावरणलाई यसले ठहरै पारेको छ ।

यसैले प्रतिवेदनले ठहर गरेको छ - खास काम गर्ने बेला आएको छ । काम कसरी गर्नेबारे यसको सुझाव सूचीकृत नै छ ।

पानीको क्षेत्रलाई सफा, भ्रष्टाचारमुक्त पार्न टी आईको प्रतिवेदन स्पष्ट भन्छ -

१) पानी व्यवस्थापन वा शासनका हर पक्षमा पारदर्शिता र सहभागिता स्थापना गरी तिनै सिद्धान्तको निर्देशनमा कार्य गर्ने विधि विकसित हुनु जरुरी छ,

२) नियन्त्रण र निरीक्षणको प्रक्रियालाई सुदृढ पार्दै निरन्तर चालू राख्नु आवश्यक छ,

३) पानी आयोजनामा उचित प्रतिस्पर्द्धा र जिम्मेदार कार्यान्वयनको अभ्यास हुनु अनिवार्य छ ।

.....................

आशिष थापा

कार्यकारी निर्देशक

मितिः २०६५/३/११

................................
................................
................................

# प्रेस विज्ञप्ति

शमशेरगंज (बाँके) आषाढ ९, सशस्त्र प्रहरीबल बागेश्वरी गणमा भ्रष्टाचार र अनियमितताविरुद्ध बिद्रोह भएको छ। यो बिद्रोह गणपति हरिशंकर बुढाथोकी र वहाँले प्रतिनीधित्व गर्नुहुने चरित्र र मनोवृत्तिका बिरुद्ध भएको हो। यिनले क्षेत्रीयता, नातावाद बढाउनुका साथै गुट उपगुट बनाई जवानहरुलाई शारीरिक एवं मानसिक यातना दिने गरेका थिए। विद्रोही पक्षले तीन डीएसपी र तेर इन्स्पेक्टरलाई दुइदिन सम्म बन्दी बनाईराखे जसलाई वार्तापछि मुक्त गरिदिए। त्यसको तीन दिन अघि कुस्मा, पर्वतको सशस्त्र प्रहरीगणमा कार्यरत जवानले पनि गणभित्र हुने गरेको राशन, पोशाक, पारिश्रमिकको चोरी एवं नातावाद, पक्षपात र ढूला अधिकृतबाट गरिने अमानवीय व्यवहार विरुद्ध आवाज उठाए। नेपालमा सुरक्षा निकायमा ब्यापक भ्रष्टाचार हुने गरेको कुरा जगजाहेर छ। तर सुरक्षा र अनुशासनका नाममा भ्रष्टाचार विरुद्ध कसैले कुनै आवाज उठायोभने त्यसलाई अमानवीय तरीकाले दमन गरिन्थ्यो। नेपालमा भएको जनआन्दोलन २ र १५ जेष्ठमा स्थापित गणतंत्रले सम्पूर्ण शोषित, पीडित र अन्यायमा परेका जनताले परेको अन्याय विरुद्ध सशक्त आवाज उठाउने शक्तिसम्पन्न गरेको छ। न्यायपूर्ण यी आवाजको कदरगर्दै सम्पूर्ण सुरक्षा निकायमा "सुरक्षाको नाममा" अध्यारो कोठामाबसी गरिने अपारदर्शी निर्णयप्रकृया नेपाल सरकारले तुरुन्त बन्द गरोस भन्ने जोडदार माग ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल गर्दछ। साथै, सुरक्षा निकाय पारदर्शी र जनताप्रति जवाफदेही होस् भन्ने माग गर्दछ।

धन्यवाद।

...........................
कृष्ण प्रसाद भण्डारी
महासचिव

मिति : २०६५/२/५

**प्रेश बिज्ञप्ती**

आज, मिति २०६५/२/५ गते यस संस्थाका अध्यक्ष श्री दामोदर प्रसाद गौतमको नेतृत्वमा एक प्रतिनिधी मण्डलले प्रधानन्यायाधिश श्री केदार प्रसाद गिरी र न्याय परिषद सदस्य श्री बासुदेब प्रसाद ढुंगानालाई छुटाछुट्टै भेटी न्यायीक स्वच्छता र सुधार बिषयमा छलफल गऱ्यो ।

छलफलमा अध्यक्ष गौतमले न्यायीक स्वच्छता बिना न्यायपालिका जनमुखी र स्वतन्त्र न्यायिक निर्णय गर्न सक्षम नहुने तर्फ ध्यानाआकर्षण गराउदै न्यायीक सुधारका लागि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सहयोग गर्न तयार रहेको प्रतिबद्धता ब्यक्त गर्नुभयो । भेटमा प्रधानन्यायाधिशज्यूले सो बिषयमा भबिश्यमा संस्थागत सहकार्य गर्ने तर्फ छलफल अघि बढाउने बताउँदै बिभिन्न समस्याका बाबजुद न्यायपालिका गुणस्तरयुक्त न्याय प्रदान गर्न प्रयासरत रहेको कुरामा जोड दिनुभयो ।

यसैगरि न्यायपरिषदसँगको छलफल न्यायिक स्वच्छता कायम गर्न न्यायधिशको नियुक्ती, कारबाही लगायतका बिषयहरुमा परिषदको भूमीका अझ शशक्त हुनु पर्ने र आवश्यक सुधारका लागि नागरिक संस्थाहरुसँग सहकार्य हुनु पर्ने कुरामा केन्द्रित रहेको थियो ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको प्रतिनिधी मण्डलमा संस्था दामोदर प्रसाद गौतम लगाएत न्यायीक उपसमिति संयोजक सर्बज्ञरत्न तुलाधर, सदस्यद्बय कृष्ण प्रसाद भण्डारी, रमेशनाथ ढुंगेल, कार्यसमिति सदस्य डा. मीना आचार्य र कार्यकारी निर्देशक आशिष थापा संलग्न हुनुहुन्थ्यो ।

.....................

आशिष थापा

कार्यकारी निर्देशक

मिति : २०६५/१/२७

**प्रेश बक्तब्य**

**संविधान सभा र नयाँ नेपाल**

हालै सम्पन्न प्रत्यक्ष तथा समानुपातिकतर्फका संविधान सभा सदस्यको निर्वाचनले नेपालीहरुले झण्डै ६ दशकदेखि देख्दै आएको सपनाले साकार रुप लिने भएको छ। मनोनीत गर्नुपर्ने २६ जानाको शीघ्र स्थानपूर्ति र निर्वाचनमा जनताद्वारा ब्यक्त अभिमतको अनुपात प्रतिविम्बित हुनेगरी समावेशी नयाँ सरकार बन्नु पर्छ भन्ने हाम्रो धारणा छ।

संविधान सभा र नयाँ सरकारले बन्ने एक मिनेट पनि खेर नफाली श्रोत र साधनको सदुपयोगमा ध्यानदिनु परेको छ। बिगतका कैयौं बर्ष देखि भ्रष्टाचार सरकारको चासोको विषय हुन सकेन। सर्वोच्चतहमैं देखिएको ढिला सुस्ती, पक्षपात, नातावाद र कृपावादका कारण नेपाल विश्वकै अतिभ्रष्ट देशमा दरिँदै आएको छ।

अब वन्ने नेपालको संविधान प्रगतिशील, समावेशी, संघीय र सन्तुलित हुनुपर्छ भन्ने हाम्रो धारणा छ।

चाँडैनै अस्तित्वमा आउन लागेको संविधान सभा र नयाँ सरकारलाई ट्रान्सपरेन्सी इण्टरनेशनल नेपाल हार्दिक शुभकामना ब्यक्त गर्दछ र तपाईहरुको भ्रष्टाचार विरोधी अभियानलाई हरतरहको सहयोग पुऱ्याउने दृढता जाहेर गर्दछौं।

धन्यवाद।

............................
कृष्ण प्रसाद भण्डारी
महासचिव